# भिमसेनथापा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
खाङ्चोक, गोरखा

## नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) उत्खनन्, संकलन तथा बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/०६/०७

भिमसेनथापा गाउँपालिका गाउँकार्यपालिकाको निर्णय वमोजिम आ.व. २०७६/०७७ को लागि यस कार्यालयले निर्धारण गरेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी भिमसेनथापा गाउँपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका स्थानहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजतप्राप्त ईच्छुक नेपाली फर्म, संस्था वा कम्पनीहरुका लागि निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी वोलपत्र आव्हान गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का विवरण | अधिकतम परिमाण (घनफिट) | न्युनतम ठेक्का अंक रु. (मु.अ.क.बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| ०१–०७६/०७७ | भिमसेनथापा गाउँपालिका वडा नं ३ वुढीगण्डकी नदी र स्तुलखोला दोभान क्षेत्र। | २,७४,६०७ | १३,७३,०३५/- | १,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०२–०७६/०७७ | भिमसेनथापा गाउँपालिका वडा नं ८ महादेवटार क्षेत्र। | १३,३४,११८ | ६६,७०,५९०/- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०३–०७६/०७७ | भिमसेनथाप ागाउँपालिका वडा नं ७ वुंकोटघाट क्षेत्र। | २,७१,९९३ | १३,५९,९६५ /- | १,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०४–०७६/०७७ | भिमसेनथापा गाउँपालिका वडा नं ४ वालुवाटार क्षेत्र। | २,५०,००६ | १२,५०,०३० /- | १,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०५–०७६/०७७ | भिमसेनथापा गाउँपालिका वडा नं ३ टारीफाँट वगर क्षेत्र। | ७,८७,५२४ | ३९,३७,६२०/- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |
| ०६–०७६/०७७ | भिमसेनथापा गाउँपालिका वडा नं ८ घाटबेसी क्षेत्र । | १४,४१,६८७ | ७२,०८,४३५/- | ३,०००/- | कवोल अंकको ५ (पाँच) प्रतिशत |

- नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) को दर प्रति क्यू.फिट (मु.अ.क.बाहेक) रु ५।००/- (पाँच)।

**शर्तहरुः**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट मात्र खरिद गर्न सकिनेछ। खरिद भएको वोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग भरी फर्म, संस्था वा कम्पनीहरुले प्रत्येक पानामा सही छाप गरी सूचना प्रकाशन भएको मितिले ३१औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा मात्र दर्ता गर्नुपर्नेछ। नियमानुसार दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु उपस्थिति नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म, संस्था वा कम्पनीहरुले व्यवसायदर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.करको प्रमाण पत्र तथा कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

वा

बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म PPMO's को website http://www.bolpatra.gov.np/egp बाट Download गर्न सकिनेछ। बोलपत्र फारम दस्तुर वापतको रकम यस कार्यालयको मेगा बैंक भिमसेनथापा शाखामा रहेको संचित खाता नं. १०१००१०००३८१९ मा जम्मा गरको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ। बोलपत्र फारामहरु भरी ३१औं दिनको १२:०० बजेसम्म PPMO's को website http://www. bolpatra.gov.np/egp मा सबै कागजातहरु (फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखादर्ता प्रमाणपत्र तथा कर चूक्ताको प्रमाणित प्रतिलिपी) Scanu/LPDF format मा बोलपत्र साथ पेश गर्नुपर्नेछ।

२. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन्।

३. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कवोल अंकको कम्तिमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको मेगा बैंक भिमसेनथापा शाखामा रहेको धरौटी खाता नं. १०१००१०००३८५२ मा बोलपत्रदाताको नामबाट जम्मा गरे को सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरेको नेपाल सरकारबाट मान्यताप्राप्त बाणिज्य बैंकहरुबाट बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० (एक सय बीस) दिन म्याद भएको जमानीपत्र (बीड वण्ड) बोलपत्र साथ पेश गर्नु पर्नेछ। कवोल गरेको रकम अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

४. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्रउपर कुनै कारवाही गरिने छैन, तथा बोलपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. बोलपत्रको खाम बाहिर कार्यालयको नाम, ठेगाना र बोलपत्रदाताको नाम ठेगाना, सम्पर्क नम्बर स्पष्ट लेख्नुपर्नेछ।

६. ढुंङ्गा, गिटी, बालुवा उत्खनन्, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन समिति एवं गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए वमोजिम हुनेछ।

७. ढुंङ्गा, गिटी, बालुवाको उत्खनन, संकलन तथा बिक्री कार्य गर्दा जिल्ला समन्वय समितिको कार्यालय गोरखाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परि क्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

८. यस सूचनामा उल्लेख नभएका विषयहरु भिमसेनथापा गाउँपालिका, गाउँकार्यपालिकाको निर्णय, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम वमोजिम हुनेछ।

९. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**